नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ती

आज मिति २०७९।१०।२६ गते यस मन्त्रालयका माननीय मन्त्री श्री अमन लाल मोदी र युरोपीयन युनियनका महामहिम राजदुत श्री नोना डेप्रेज बीच शिष्टचार भेटवार्ता सम्पन्न भयो। सो अवसरमा माननीय मन्त्रीज्यूले नेपालको आर्थिक-सामाजिक विकास, लोकतान्त्रिक व्यवस्था तथा संघीयता कार्यन्वयनका लागी कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धिका सम्बन्धमा युरोपीयन युनियनको भूमिका उल्लेख्य रहेको तथा कोरोना पछिको पुनरुत्थानमा युरोपीयन युनियनले पुऱ्याएको योगदानको बारेमा उच्च प्रशंसा गर्नु भयो।

यसै अवसरमा महामहिम राजदुतले युरोपियन युनियन र नेपाल विच बिगत ४९ औ बर्ष देखिको ऐतिहासिक सम्बन्ध प्रगाढ रहेको विषयमा चर्चा गर्दै युरोपीयन युनियनको आर्थिक सहयोगमा सञ्चालनमा रहेको बहुक्षेत्रिय पोषण कार्यक्रमको तेश्रो चरणको कार्यक्रमलाई निरन्तरता दिने निर्णय भएको व्यहोरा अवगत गराउनु भयो। उहाँले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को पहिलो चरणको कार्यन्वयनमा देखिएका समस्या एवं चुनौतीहरुका सम्बन्धमा दुवै पक्ष विच छलफल गरि समाधान गर्दै दोश्रो चरणको कार्यक्रम कार्यन्वयनमा पनि सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले युरोपीयन युनियन र नेपालबीचको सम्बन्धलाई अझ प्रगाढ र बलियो बनाउन आगामी दिनमा थप छलफल गर्न समेत इच्छा व्यक्त गर्नु भयो ।

मितिः २०७९/१०/२६

( रुद्रसिंह तामाङ )
प्रवक्ता एवं सहसचिव